नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२८६/२०७९/०९/२२ दायर मिति:-२०२५/०२/०७**

**फैसला मितिः-२०८१/१०/२८**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **गेनालाल राउत कुर्मीको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा पोखरिया नगरपालिका वडा नं.९ सिमरवारी बस्ने जगरनाथ साह कानुको छोरा वर्षा ४० को भुषण साह कानु समेत २ जना...१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालासमेतलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालासमेतलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. प्रतिवादीहरुले जाहेरवालासमेतलाईलाई गालि गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामप्रवेश राउत समेतको घटनाविवरण कागज।

४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

५. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा जाहेरवालाको भाई फुलेना राउत कुर्मीसँग मैले सापटी लिन भएको थियो । सो सापटी रकम लिन जाहेरवाला र निजका भाई मेरो घरमा आएको बेला हामीसँग तत्काल पैसा नभएको हुँदा सामान्य वाद विवाद भएको थियो । त्यसपछी हामी दुवै पक्ष इलाका प्रहरी कार्यालय पोखरिया गई हाम्रो बिचको विवाद साम्य भई सकेकोमा हामी घर जानेक्रममा जाहेरवाला र निजका साथमा केही व्यक्तिहरु मेरो घरमा गई मेरो पत्नीलाई कुटपिट गरी गम्भिर घाईते बनाई भागेका थिए । त्यपछी हामीले फुलेना राउतलाई ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराएका थियौ । सोही रिसिईबीलाई साधन हामीलाई अभद्र व्यवहारको मुदा लगाएका हुन । साथै जिल्ला अदालत पर्सामा दर्ता भएको ज्यान मार्ने उद्योग मद्दाको प्रमाण र मेरो श्रीमतीलाई कुटपिट गरी घाईते बनाएको प्रमाण यसै पत्र साथ संलग्न राखि पेश गरेको छु भनि प्रतिवादीहरु भुषण साह कानु भन्ने शशिभुषण प्रसाद र निजका छोरा प्रतिवादी धर्मराज साह कानुले यस कार्यालयमा एकै मिलानको ईन्कारी बयान गरेता पनि, प्रतिवादीहरु भुषण साह कानुले मसँग पटक पटक सापटी रकम लिएकोमा माग गर्दा दिएका थिएनन । यस्तैमा मिति २०७९।०७।०२ गते जिल्ला पर्सा पोखरिया नगरपालिका वडा नं.९ स्थित सार्वजनिक सडकमा निजलाई भेटि म र भाई फुलेना राउत कुर्मीले रकम माग गर्दा निज प्रतिवादीहरु भुषण साह कानु र धर्मराज साह कानु समेतले मेरो भाई समेतलाई गालि गलौज गरी हातपात तथा लक्षार पछार समेत गरी अभद्र व्यवहार गरेको हुँदा निजलाई कानून बमोजिम गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवाला पक्ष र प्रतिवादी पक्ष बिच लेनदेन रहेको र सोही लेनदेनको कारण प्रतिवादीहरुले जाहेरवालासमेतलाई गाली गलौज गरै अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु भुषण साह कानु भन्ने शशिभुषण प्रसाद र धर्मराज राज साह कानुलाई जरिवाना जनही रु.२५००/- अक्षरेपी दुई हजार पाँच सय र क्षतिपूर्ती शुल्क जनही रु.२००/- अक्षरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु भुषण साह कानु भन्ने शशिभुषण प्रसाद र धर्मराज साह कानुलाई ठहरेको जरिवाना तथा क्षतिपूर्ती निजहरुले क्रमशः र.नं.१९८ र १९९/२०८१/१०/०६ बाट दाखिला गरेको धरौटी जनही रकम रु.२७००/- बाट जरिवाना रकम जनही रु.२५००/-र क्षतिपूर्ती शुल्क जनही रु.२००/-  कट्टी गर्नु--------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु--------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४५ सिल्लाथ्व त्रयोदशी, शुभम् ........